जग्गा/घरजग्गा खरिदको लागि शिलबन्दी बिक्री प्रस्ताव आह्वान सम्बन्धी सूचना

प्रकाशित मिति: २०८३/०८/०७

यस कम्पनीको कार्यालय तथा व्यवसायिक प्रयोजनका लागि आवश्यक तपसिलमा उल्लेखित स्थानहरुमा घरजग्गा खरिद गर्नुपर्ने भएकाले देहाय बमोजिमका शर्त तथा बन्देजको अधीनमा रही आवश्यक कागजातहरु संलग्न गरी सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र शिलबन्दी बिक्री प्रस्ताव पेश गर्नु हुन उल्लेखित स्थानका घरजग्गा बिक्री गर्न इच्छुक घरजग्गाधनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

खरिद गर्न चाहेको घर सहित वा घर रहित जग्गाको क्षेत्रफल: २ (दुई) देखि ५(पांच) रोपनी सम्म ।

घरजग्गा खरिदको लागि प्रस्तावित स्थान:

क. काठमाडौं महानगरपालिका भित्र: त्रिपुरेश्वर, थापाथली, बबरमहल, बिजुलीबजार, अनामनगर, नयां बानेश्वर, शान्तिनगर, तिनकुने, सिनामंगल, पुरानो बानेश्वर, गौशाला, मैतिदेवी, ज्ञानेश्वर, डिल्लीबजार, पुतलीसडक, कमलादी, कमलपोखरी, हात्तीसार, दरबारमार्ग, लैनचौर, लाजिम्पाट, महाराजगञ्ज, विशालनगर, बालुवाटार, गहनापोखरी, टंगाल, भाटभटेनी, गैह्रीधारा, नक्साल तथा सो आसपासका प्रमुख व्यापारिक क्षेत्रहरु ।

ख. ललितपुर महानगरपालिका भित्र: कुपण्डोल, पुल्चोक, जावलाखेल, हरिहरभवन, मानभवन, कुमारीपाटि, लगनखेल, सानेपा तथा सो आसपासका प्रमुख व्यापारिक क्षेत्रहरु ।

शर्त तथा बन्देजहरु:

१. बिक्री गरिने घरजग्गाको विस्तृत विवरण (जिल्ला, पालिका, वडा नम्बर, स्थान, जग्गाको क्षेत्रफल, घरटहरा निर्माण भएको भएमा निर्मित घरको क्षेत्रफल, निर्माण सम्पन्न भएको मिति, घर निर्माणाधीन अवस्थामा रहेको भए सम्बन्धित निकायबाट प्रदान गरिएको भवन निर्माण इजाजतपत्रको प्रतिलिपी आदि जस्ता विवरणहरु) उल्लेख गरी सो घरजग्गासंग सम्बन्धित कागजातहरु (जग्गाधनी प्रमाणपूर्जा, जग्गाधनी प्राकृतिक व्यक्ति भए निजको नागरिकता, चालु आर्थिक वर्षको मालपोत तथा सम्पत्ति कर तिरेको रसिद, कित्ता नम्बर स्पष्ट देखिने ब्लूप्रिन्ट नक्सा, चार किल्ला प्रमाणित कागजात, घर निर्माण स्वीकृती पत्र, घरको स्वीकृत नक्सा, निर्माण सम्पन्न प्रमाणपत्र इत्यादि) जग्गाधनी स्वयम्बाट प्रमाणित प्रतिलिपि संलग्न गरी प्रस्ताव पेश गर्नु पर्नेछ ।

२. बिक्री गरिने घरजग्गाको स्वामित्व संघ संस्था वा कम्पनीको नाममा रहेको भएमा घरजग्गा बिक्री गर्ने तथा मूल्य प्रस्ताव गर्ने सम्बन्धमा सञ्चालक समितिको निर्णय, सञ्चालक समितिले घर जग्गा कारोबार गर्ने सम्बन्धमा सम्बन्धित व्यक्तिलाई दिएको अख्तियारनामा, अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि समेत प्रस्ताव साथ पेश गर्नु पर्नेछ । तर सञ्चालक समिति नहुने संघ संस्थाको हकमा घरजग्गा बिक्री गर्न सक्ने अख्तियारी भएको निकायले गरेको घरजग्गा बिक्री गर्ने तथा मूल्य प्रस्ताव गर्ने सम्बन्धमा गरेको निर्णय, उक्त निकायले घर जग्गा कारोबार गर्ने सम्बन्धमा सम्बन्धित व्यक्तिलाई दिएको अख्तियारनामा समेत पेश गर्नु पर्नेछ ।

३. घरजग्गाको स्थान खुल्ने नक्सा (Location Map) र सो नक्सामा जग्गाको सिमाना चिन्ह लगाएको हुनु पर्नेछ ।

४. घरजग्गाको चार किल्ला छुट्टिने गरी बाउण्ड्री निर्धारण गरिएको, सांध सिमाना स्पष्ट भएको हुनु पर्नेछ ।

५. जग्गाको नक्सा तथा फिल्डमा कम्तीमा मोटरेबल सडकको पहुंच भएको हुनु पर्नेछ । साथै घर जग्गामा मोहीको हक हिस्सा नभएको, कानूनी विवाद नभएको, गुठी स्वामित्व नभएको, रैकर तथा निजि हकभोगमा रहेको, खोलानाला खहरे, हाईटेन्सन लाइन, सडक विभाग तथा नगरपालिकाको मापदण्ड अनुरूप सडक विस्तार, एयरपोर्ट, मठमन्दिर, मस्जिद, चर्च, गुम्बा आदि तथा अन्य सार्वजनिक निकायले भविष्यमा अधिग्रहण गर्न सक्ने सम्भावना नभएको हुनु पर्नेछ ।

६. जग्गाको प्रति आना मूल्य, घर निर्माण भएको भएमा घरको मूल्य, घरजग्गाको कुल बिक्री मूल्य समेत अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा उल्लेख गरेको रकम फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइने छ ।

७. जग्गाधनी प्रमाणपत्रमा उल्लेखित जग्गाको क्षेत्रफल र फिल्डमा नांपजांच गर्दा एकिन भएको क्षेत्रफल मध्ये जुन कम हुन्छ सोही क्षेत्रफल कायम गरिनेछ ।

८. प्रस्तावित घरजग्गाको सम्बन्धमा कुनै प्रकारको विवाद, मुद्धा मामिला नरहेको हुनुपर्नेछ र सो सम्बन्धमा जग्गाधनीले स्वघोषणा गरी पेश गर्नु पर्नेछ ।

९. प्रस्तावित घरजग्गामा कुनै पनि प्रकारले बैंक तथा वित्तीय संस्था वा अन्य निकायमा धितो जमानतको रुपमा रही रोक्का रहेको भए सो को सम्पुर्ण विरण समेत पेश गर्नु पर्नेछ ।

१०. बिक्री प्रस्ताव फाराम कार्यालय समयमा रु. ३,५००/ (तीन हजार पांच सय रुपैंया) यस कम्पनीको केन्द्रीय कार्यालय थापाथली, काठमाडौंमा भुक्तानी गरी प्राप्त गर्न सकिने छ । उक्त रकम फिर्ता गरिने छैन ।

११. घर जग्गा बिक्री प्रस्तावको साथ आवश्यक कागजातहरू संलग्न गरी खामको बाहिरी भागमा "सिटिजन लाइफका लागि घर जग्गा बिक्री प्रस्ताव" लेखी शिलबन्दी गरी अन्तिम दिन (मिति २०८३/०९/१३ गते) दिनको ४:०० भित्र केन्द्रीय कार्यालय थापाथली, काठमाडौंमा पेश गर्नु पर्नेछ । बिक्री प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो बिदाको भोलि पल्टको दिनलाई प्रस्ताव पेश गर्ने अन्तिम दिन मानिनेछ ।

१२. तोकिएको म्याद भित्र दर्ता भएका बिक्री प्रस्तावहरू प्रस्ताव पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको १२ बजे कम्पनीको प्रधान कार्यालय थापाथली काठमाडौंमा बिक्री प्रस्तावबाला वा निजको प्रतिनिधिको रोहबरमा खोलिने छ । बिक्री प्रस्तावबाला वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बिक्री प्रस्ताव खोल्न कुनै बाधा पर्ने छैन । बिक्री प्रस्ताव खोलिने दिन सार्वजनिक बिदा पर्न गएमा सो बिदाको भोलिपल्ट प्रस्ताव खोलिने दिन हुनेछ ।

१३. कुनै पनि शिलबन्दी बिक्री प्रस्ताव पूर्ण वा आंशिक स्वीकृत गर्ने वा नगर्ने वा सबै प्रस्तावहरू रद्ध गर्ने सम्पूर्ण अधिकार यस कम्पनीमा निहित रहने छ र सो सम्बन्धमा कम्पनीको निर्णय नै अन्तिम हुनेछ ।

Citizen Life™ Insurance
समृद्धि तपाईको, साथ हाम्रो

सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड

एल.एस. कम्प्लेक्स, थापाथली, काठमाण्डौं ।

फोन: ०१-५९७००२१७

Email: info@citizenlifenepal.com

URL: www.citizenlifenepal.com